कृतज्ञता - साईका चरणकमलमा ५० वर्ष
50 Years at Thy Lotus Feet
GRATITUDE

# राष्ट्रिय युवा सम्मेलन २०७९



## *Bhagawan Baba: Quintessence of Gratitude*

२०७९ चैत्र २४ - २५, लुम्बिनी, नेपाल

## श्री सत्य साई सेवा सङ्गठन नेपाल : परिचय

श्री सत्य साई सेवा सङ्गठन सेवा मुखि आध्यात्मिक संगठन हो । "**सबैलाई प्रेम गर, सबैको सेवा गर**" "**सधैं मद्दत गर, कहिल्यै कसैलाई चोट नपुऱ्याऊ**" भन्ने जस्ता श्री सत्य साई बाबाको सन्देश आत्मसात् गर्ने यो सङ्गठन सन् १९७३ मा स्थापना भएको हो । प्रत्येक मानवभित्र अन्तरनिहित प्रतिभा (बुद्धत्व) प्रस्फुटन गराउने प्रमुख उद्देश्यसहित गठित यो संस्था धम परिवर्तनकारी तथा धम प्रचारक संस्था होइन । नेपालको उच्च हिमाली जिल्ला देखि तराई समेत ६१ जिल्लामा गरि हाल २२७ वटा एकाइहरू कार्यरत रहेका छन् ।

प्रतिभा प्रस्फुटनतर्फ निर्देशित यो सङ्गठनका क्रियाकलापलाई तीन भागमा बाँडिएको छ - अध्यात्म, शिक्षा र सेवा ।

अध्यात्मिक जागरणका लागि जप, ध्यान, भजन-किर्तन, अध्ययनचक्र, धर्म समभाव गोष्ठीजस्ता कार्यकलापका संचालन गरी व्यक्तिमा रूपान्तरण ल्याउने प्रयास गरिन्छ ।

शिक्षातर्फ सत्य, धर्म, शान्ति, प्रेम र अहिंसा जस्ता मानविय मुल्यका कराहरू व्यवहारमा ल्याउन मदत गर्ने गरि अनौपचारिक शिक्षाका रुपमा बालविकास कक्षा एवंम अन्य क्रियकलाप सञ्चालन गरी विद्यार्थीहरूको चरित्र निमार्णमा मदत गरिन्छ । आध्यात्मिक हाजिरीजबाफ प्रतियोगिता, विविध सांस्कृतिक कार्यक्रमजस्ता जनउपयोगी कार्यक्रममार्फत विद्यार्थीलाई असलपनाको विकास गर्न प्रेरित गरिन्छ ।

सेवाका माध्यमबाट आध्यात्मिक उन्नति गर्ने उद्देश्यले सङ्गठनले नेपालमा सेवाका कार्यकलाप गर्दै आएको छ। यस्ता सेवा अल्पकालिक र दीर्घकालिक दुई प्रकारका छन्। अल्पकालिक सेवाअन्तर्गत मुटुरोगीको उपचार, आँखाको शल्यक्रिया, रक्तदान, खाद्यान्न वितरण, खाना वितरण सेवा (नारायणसेवा), लत्ताकपडा वितरण, छात्रवृत्ति प्रदान, आगलागीपीडित र बाढीपीडितको सेवा, आवास निर्माणजस्ता सेवा गरिँदै आएका छन् । दीर्घकालिक सेवाअन्तर्गत वृद्ध सेवा आश्रम, बाल सेवा आश्रम, श्री सत्य साई विद्यालयहरू, स्वास्थ्य केन्द्रहरू तथा आठ वटा सामुदायिक खानेपानी आयोजनाहरूजस्ता दीर्घकालीन परियोजनामार्फत जनसमुदायको सेवा गरिदै आएको छ ।

सङ्गठन हरेक कार्यकलापमा मद्दत गर्न महिला र युवा फाँट पनि रहेका छन् । युवा फाँटअन्तर्गत युवा खेलकुद कार्यक्रम, नेतृत्व विकास गोष्ठी, युवा सम्मेलनजस्ता कार्यक्रम आयोजना हुन्छन् । हरेक वर्ष नोभेम्बर २२ का राति सडकमा सुत्ने व्यक्तिहरूलाई कम्बल वितरणको सेवा पनि युवा फाँटले सञ्चालन गर्दै आएको छ ।

## राष्ट्रिय युवा सम्मेलन : परिचय

विश्वको भविष्य युवाहरूको वर्तमानमा निर्भर हुन्छ । यस्ता भविष्य निर्माताहरूलाई समयमै सद्ज्ञान दिन सकेमा विश्व सुन्दर बन्ने कुरामा दुईमत हुँदैन । तसर्थ हरेक मुलुकलाई आज उत्तम चरित्रका युवाहरूको आवश्यकता छ । उत्तम चरित्रका युवाहरू भएको राष्ट्र महान् हुन्छ । त्यसैले युवाहरूले शुद्ध हृदय, पवित्र मन र निःस्वार्थ सेवाको विकास गर्नुपर्छ । यस्ता युवा निर्माणका लागि श्री सत्य साई राष्ट्रिय युवा सम्मेलनले सकारात्मक भूमिका खेल्नेछ ।

हालसम्म ३ पटक श्री सत्य साई राष्ट्रिय युवा सम्मेलन सम्पन्न भइसकेको छ। ती सम्मेलनको विवरण यसप्रकार छ ।

| **मिति** | **स्थान** | **सम्मेलनका प्रतिबद्धता** |
|---|---|---|
| २०६९ पौष १३ र १४ गते | पोखरा | • सधैं आफ्नो अनुहार हँसिलो राख्नेछु,<br>• सबैसँग नम्र र मीठो वचन बोल्नेछु,<br>• म आफ्ना आमाबुबालाई प्रत्येक दिन ढोग्नेछु,<br>• म कसैसँग रिसाउने छैन,<br>• सबैलाई सधैं मद्दत गर्नेछु, आदि । |

| | | |
|---|---|---|
| २०७१ पौष ११ र १२ गते | धरान | • हामी युवा कार्यक्रममा आफूले खाएका भाँडा आफै माझ्नेछौँ ।<br>• हामी कम्तीमा एकजना मन नपर्ने व्यक्तिसँग क्षमा मागी सुमधुर सम्बन्ध कायम राख्नेछौँ, आदि । |
| २०७४ वैशाख १ र २ गते | काठमाडौँ | • निःस्वार्थ सेवासम्बन्धी ज्ञानलाई प्रयोगमा ल्याउन युवाहरूको नेतृत्वमा धादिङको विकट चेपाङ बस्ती स्याङ्वेमा खानेपानी आयोजना सञ्चालन गर्ने |
| २०७९ चैत्र २४ र २५ गते | लुम्बिनी | |

सम्मेलनमा आन्तरिक रूपमा शान्त हुने, हँसिलो अनुहार देखाउने, नरिसाउने, सुमधुर सम्बन्ध कायम गर्ने, आफूले खाएको भाँडा आफैँ माझ्नेजस्ता सरल व्यक्तिगत साधनादेखि लिएर खानेपानी आयोजना सञ्चालन गरी सामाजिक हितका कार्य गर्नेजस्ता प्रतिबद्धता युवाहरूले गर्ने गरेका छन् । यसले गर्दा युवाहरूमा आन्तरिक रूपमा सकारात्मक परिवर्तन आएको र सामाजिक रूपमा सेवा कार्य हुने गरेको छ । २०७४ को युवा गोष्ठीमा प्रतिबद्धता गरेअनुसार युवाहरूकै नेतृत्वमा सङ्गठनले धादिङ जिल्लाको चेपाङ वस्ती स्वाङ्वेमा खानीपानी योजना सम्पन्न गरिसकेको छ ।

## राष्ट्रिय युवा सम्मेलनको उद्देश्य

यस सम्मेलनको उद्देश्य निम्नानुसार रहेको छ :

- देशभरका युवाहरूबीच एकत्व (Oneness) भावको विकास गर्ने
- युवाहरूलाई व्यक्तिगत साधनाका लागि प्रोत्साहित गर्ने
- व्यक्तिगत साधनाबाट प्रस्फुटित हुने भावनालाई सङ्गठन सञ्चालनमा परिचालित गरी सामाजिक उत्थानमा लगाउने ।

## राष्ट्रिय युवा सम्मेलन २०२३ को कार्यक्रम

यस सम्मेलन २०७९ चैत्र २४ र २५ गते लुम्बिनीमा हुनेछ । सम्मेलनमा प्रमुख वक्ताका रूपमा श्री सत्य साई ग्लोबल काउन्सिलअन्तर्गत रहेको श्री सत्य साई मेडिया सेन्टरका युवा वक्ता श्री प्रेम अनोश हुनुहुनेछ । कार्यक्रमका विभिन्न शीर्षकमा अन्तर्क्रिया/छलफल पनि हुनेछ । यस सम्मेलनको कार्यक्रम तालिका सोहि दिन प्रदान गरिने छ ।

## राष्ट्रिय युवा सम्मेलन २०२३ को कार्यक्रमको अन्य जानकारी

यस सम्मेलनमा भाग लिनका लागि देशभरका करिब १७०० युवाहरूले अनलाइन दर्ता गरिसकेका छन् । सहभागी युवाहरूलाई भगवान् गौतम बुद्धको जन्मस्थल, मायादेवी मन्दिरलगायत लुम्बिनीस्थित विविध धार्मिकस्थलको समेत दर्शन गराउने कार्यक्रम रहेको छ । सम्मेलनमा श्री सत्य साई सेवा सङ्गठनमा आबद्ध नभएका युवाहरूको पनि सहभागिता रहनेछ । २०७९ चैत्र २३ र २४ गतेका लागि सहभागीहरूलाई लुम्बिनी बुद्धिष्ट युनिभर्सिटी तथा वरपरका विभिन्न स्थानहरूमा आवासको व्यवस्था गरिनेछ । कार्यक्रममा सहभागी दर्ता बिहान ८ बजेबाट गरिनेछ । अपराह्न १२:३० बजेबाट कार्यक्रम सुरु हुनेछ । यस कार्यक्रमको नियम, सम्पर्क नम्बर तथा ल्याउनुपर्ने सामग्रीहरूको सूची अनुसूची १, २ र ३ मा दिइएको छ ।

**कार्यक्रमका नियमहरू**

१. ड्रेस कोड : कार्यक्रम सत्रमा निर्धारित ड्रेस मात्र लगाउन पाइनेछ । पुरुष र महिलाले लगाउने ड्रेस निम्नानुसार रहेका छन् :
पुरुषका लागि – सेतो सर्ट - सेतो पाइन्ट वा सेतो कुर्ता-पाइजामा (यदि कसैसँग सेतो कपडा नभए सादा सर्ट र सादा पाइन्ट लगाउन पाइनेछ) ।
महिलाका लागि - पूरा बाहुले ब्लाउज र सेतो साडी (यदि कसैसँग सङ्गठनको ड्रेस छैन भने पूरा बाहुले ब्लाउज र सादा साडी लगाउन पाइनेछ) । निर्धारित ड्रेस मात्र लगाउन

२. कार्यक्रम सत्रबाहेक वासस्थानमा रहँदा पनि सभ्य र सौम्य पोसाक लगाउनुपर्नेछ । पुरुषहरूले हाफ पाइन्ट, विभिन्न प्रिन्ट भएका टिसर्टजस्ता कपडा लगाउन पाइनेछैन । महिलाहरूले नेट वा पारदर्शी, स्लिभलेस, हाफ बाहुला, खुला ब्लाउज, सर्ट, छोटो स्कर्ट, स्लिभलेस टप, स्किन टाइट ट्राउजरजस्ता कपडा लगाउन पाइनेछैन ।

३. कार्यक्रम सत्रहरूमा आवश्यक पर्दाबाहेक पुरुष र महिलाहरू कुनै पनि समयमा एकअर्कासँग घुलमिल हुन पाइनेछैन ।

४. भगवान् भन्नुहुन्छ, “समय भगवान् हो ।” प्रत्येक सत्र निर्दिष्ट समयमा सुरु हुनेछ । सहभागी तोकिएको समयमा प्रत्येक सत्रमा उपस्थित हुनुपर्नेछ ।

५. कार्यक्रम स्थलमा प्रत्येक सहभागीले वातावरण शान्त राख्न मद्दत गर्नुपर्नेछ । कार्यक्रम हलमा लाउडस्पिकरमा गीत, भजन वा भिडियो बजाएर अरूलाई बाधा पुऱ्याउन पाइनेछैन । अनावश्यक कुराकानी गर्न पाइनेछैन ।

६. आफ्नै समूहमा बस्नुपर्नेछ । समूह छोडेर एक्लै कतै घुम्न जान पाइनेछैन । कतै जानुपर्ने बाध्यात्मक अवस्था आएमा तोकिएका सेवादललाई जानकारी गराएर मात्र जानुपर्नेछ ।

७. पानी र बिजुली आवश्यक मात्र प्रयोग गर्नुपर्नेछ । धारा, बत्ती र फ्यानजस्ता कुराहरू प्रयोग गरेपछि अनिवार्य रूपमा बन्द गर्नुपर्नेछ ।

८. धूमपान, मादक पदार्थ र पेय पदार्थ सेवन गर्न पाइनेछैन । जुवा र तास खेल्न पाइनेछैन । बाहिरबाट खाना ल्याएर खान पाइनेछैन ।

९. वरपरको वातावरणलाई सफा राख्न पूर्ण सचेत रहनुपर्नेछ । शौचालय प्रयोग गरेपछि फ्लस वा पानी हाल्नुपर्नेछ । कागजका टुक्राजस्ता फोहोर डस्टबिनमा मात्र फाल्नुपर्नेछ ।

१०. भगवान् भन्नुहुन्छ, “भोजन भगवान् हो ।” खाना खेर फाल्नु भगवानको निन्दा गर्नु हो । खानाको एक सिता पनि फाल्न पाइनेछैन ।

११. फूल टिप्ने, भित्तामा लेख्ने र अनावश्यक रूपमा वाद्ययन्त्र बजाउन पाइने छैन ।

## थप जानकारी तथा सुझावका लागि
## समूहमा लुम्बिनी जानका लागि सम्बन्धित प्रदेशका युवा संयोजकहरूको सम्पर्क नम्बर

| क्र.सं. | नाम | प्रदेश | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | सन्दीप गिरी | १(क) (कोशी) | ९८४४६८८१६४ |
| २. | निशिल लम्साल | १(ख) (कोशी) | ९८०१९१७०७२ |
| ३. | अनन्तकुमार यादव | २ (मधेस) | ९८४४५३७५२४ |
| ४. | विवेक खरेल | ३(क) (बाग्मती) | ९८४९३३१५३० |
| ५. | दिवाकर पोखरेल | ३(ख) (बाग्मती) | ९८५५०८४८५० |
| ६. | योगेन गुरुङ | ४ (गण्डकी) | ९८२५१४७९८४ |
| ७. | सन्तोष न्यौपाने | ५ (लुम्बिनी) | ९८५७०४८९९९ |
| ८. | दिनेश शाही | ६ (कर्णाली) | ९८६८६६०८५६ |
| ९. | कृतेश थापा | ७ (सुदूरपश्चिम) | ९८०१७२२९५९ |

### थप जानकारीका लागि

| क्र.सं. | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | नग्मा खरेल | राष्ट्रिय युवा संयोजक | ९८४१९१८५८५ |
| २. | नवदीप पौडेल | राष्ट्रिय युवा उपसंयोजक | ९८५७०५८०५२ |
| ३. | आशिष विसुन्के | राष्ट्रिय युवा उपसंयोजक | ९८४२४३०३९५ |
| ४. | सबिका श्रेष्ठ | राष्ट्रिय युवा उपसंयोजक | ९८४३७१२९५८ |

अनुसूची ३

## कार्यक्रममा आउँदा आवश्यक पर्ने सामग्री–सूची

| | | | |
|---|---|---|---|
| **Toiletries** | Mask | as per need | For use and throw type - 8 pc, other type - as per use |
| | Facial shaving kit | 1 set | For men |
| | Shaving cream (optional) | 1 tube | in sharing basis for a group |
| | Bath soap | 1 small | |
| | Tooth brush | 1 pc | |
| | Tooth paste | 1 tube | in sharing basis for a group |
| | Sunscreen | as per need | |
| | Shampoo | 3-4 sachets | small sachets for avoiding weight and volume |
| | Towel | 1 pc | thin and medium size, care for weight and volume |
| | Comb/hair oil | as per need | |
| | Anti-mosquito cream/spray | 1 tube | Odomos |
| | Sanitary napkin | as per need | For women |
| **Clothes** | Shirt or T-shirt | 2 pcs | for casual wear during travel |
| | Pant /trousers | 2 pcs | for casual wear during travel. Half pants or Quarter pants are not allowed |
| | White shirt-pant or Kurta-paijama | 2 sets/pairs | for participating in the programs |
| | Saree/Loose kurta surwal for ladies | 2 pcs | Sangathan dress or White Kurtha |
| | Handkerchief | as per need | |
| | Inner wears | as per need | |
| | Vests | 3-4 pcs | For men |
| | Wind-cheater | 1 pc | Optional |
| **Miscellaneous** | QR-Code | | Click here if you haven't received your QR-Code |
| | Slipper | 1 pair | |
| | Umbrella/rain coat | 1 pc | Optional |
| | Luggage Bag | 1 pc | Light weight bag, rucksac or hiking bag (big/heavy suitcases are discouraged) |
| | Water Bottle | 1 pc | Bringing bottles is compulsory |
| **Accommodation** | Bed Sheet | 1 pc | |
| | Chadar/*Odney* | 1 pc | Light weight |

कार्यक्रम स्थलः **लुम्बिनि अर्न्तराष्ट्रिय सभा गृह, लम्बिनी, नेपाल**



